# राष्ट्रिय मानव अधिकार आयोग

हरिहर भवन, पुल्चोक, ललितपुर

## बिशेषज्ञ सेवाको लागि आवेदन गर्ने सम्बन्धि सूचना

### प्रकाशित मितिः २०७६ जेष्ठ २१ गते

राष्ट्रिय मानब अधिकार आयोगले आप्रवासी कामदारहरुको अधिकारको संरक्षण र संबर्द्धनको बिषयमा आर्थीक बर्ष २०७६/२०७७ मा आयोजना गर्न लागेको अन्तराष्ट्रिय सम्मेलनको लागि तपसिलमा उल्लेख भए बमोजिमको परामर्शदाता आवश्यक भएकोले यो सूचना प्रकाशीत भएको मितिले ७ दिन भित्र ईच्छुक आवेदकहरुलाई आवेदनको लागि सूचना आव्हान गरिएको छ ।

**तपसिल**

**आवश्यक परामर्शदाताः**

| क.सं. | परामर्शदाता | संख्या |
|---|---|---|
| १ | आप्रवासन विज्ञ (Migration Expert) | २ जना |
| २ | सञ्चार बिज्ञ (Communication Expert) | १ जना |

**आवेदकहरुले आवेदन गर्दा ध्यान दिनु पर्ने बिषयहरुः**

१. आप्रवासी कामदारहरुको अधिकारको संरक्षण र संबर्द्धनको बिषयमा आयोजना गर्न लागेको अन्तराष्ट्रिय सम्मेलनको परामर्शदाताले यो सूचना प्रकाशीत मितिले सात (७) दिन भित्र tikaram.pokhrel@nhrcnepal.org र kamal.thapachhetri@nhrcnepal.org को ईमेल ठेगाना वा आयोगको आप्रवासी कामदार तथा शरणार्थी अधिकार (सम्पर्क अधिकृत कमल थापा क्षेत्री) लाई बुझाउन सकिने छ । अन्य विस्तृत जानकारीको लागि आयोगको टेलिफोन नम्बर ५०१००१५ एक्सटेन्सन १२२ वा ९८५१२२३७८३ मा सम्पर्क गर्न सकिनेछ ।

२. छनौट भएका आवेदकहरुले गर्नु पर्ने कार्यहरुका सम्बन्धमा कायशर्त (Terms of Reference, ToR) आयोगबाट उपलब्ध गराईनेछ र सोही आधारमा परामर्शदाताले कार्य सम्पादन गर्नु पर्ने छ ।

३. ईच्छुक आवेदकहरुमा आप्रवासन र आप्रवासन सम्बन्धी क्षेत्रीय तथा अन्तराष्ट्रिय सम्मेलन सम्बन्धी ज्ञान भएको हुनु पर्ने छ ।

४. प्राप्त आबेदनहरुको आधारमा बिशेषज्ञहरुको छनौट गर्ने अन्तिम निर्णयमा आयोगमा निहित रहनेछ ।

५. आयोग र छनौट भएका बिशेषज्ञहरुको बीच आयोगले निर्धारण गरेको बजेटको आधारमा पारीश्रमिक निर्धारण गरि सम्झौता गरिने छ र यस्तो पारिश्रमिकमा प्रचलित कानून बमोजिम लाग्ने कर कट्टी गरिनेछ ।